IEMIS:710270005

मो. नं. 9848492113

# श्री राष्ट्रिय माध्यमिक विद्यालय

## SHREE RASTRIYA SECONDARY SCHOOL

टीकापुर न. पा.-६ नारायणपुर बेलुवा , कैलाली

TIKAPUR-6 NARAYANPUR BELUWA KAILALI

स्थापना:२०२८, Std:2028

पत्र सः०८३।०८४

च नं : २५

मिति:२०८३।०६।०६

विषयः शिक्षक आवश्यकता सम्बन्धी सूचना ।।।

प्रथम पटक प्रकाशितः २०८३।०६।०६

उपर्युक्त सम्बन्धमा शिक्षा विकास तथा समन्वय एकाइ धनगढी कैलालीको मिति २०८३/०६/०५ गते च.नं. ३३० को प्राप्त पत्रानुसार प्रा.वि. तहको रिक्त स्वीकृत दरबन्दीमा करार शिक्षक नियुक्तिको लागि दिएको अनुमति तथा यस विद्यालयको विद्यालय व्यवस्थापन समितिको मिति २०८३/०६/०६ गतेको निर्णयानुसार यस विद्यालयमा रिक्त रहेको प्राथमिक तहको स्वीकृत दरबन्दीमा अर्को व्यवस्था नभए सम्मको लागि अस्थायी करार पदमा शिक्षक नियुक्ति गर्नुपर्ने भएकोले शिक्षा नियामावली २०५९ (संसोधन सहित) को नियम ९७ को उपनियम (४) बमोजिम शिक्षक सेवा आयोगको कैलाली जिल्लाको प्राथमिक तह अस्थायी करार सूचीमा रहेको उम्मेदवारबाट सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र र शिक्षक सेवा आयोगको अस्थायी करार सूचीमा रहेको उम्मेदवारबाट आवेदन नपरेमा खुला विज्ञापनका लागि ७ सात दिनको समय सिमा भित्र योग्यता पुगेका इच्छुक नेपाली नागरिक बाट आवश्यक कागजात सहित यस विद्यालयको नाममा रहेको नेपाल बैंक लि. टीकापुरको च.हि.नं. १०७००१००७६४६०२००००००१ मा रकम जम्मा गरेको सक्कल भौचर सहित दरखास्तका लागि आव्हान गरिन्छ ।

तपसिल

१. पदको विवरण

| क्र.स. | विज्ञापन नं. | पद तह विषय | आवश्यक संख्या | शैक्षिक योग्यता | सेवाको प्रकार | उमेर |
|---|---|---|---|---|---|---|
| १ | १/२०८३।०८४ | प्रा.वि. | १(एक) | आई.एड. वा सो सरह उत्तीर्ण | करार | १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको |

२. शिक्षक सेवा आयोग सानोठीमी भक्तपुरले प्रकाशित गरेको सूचना अनुसार सुदूर पश्चिम प्रदेशको प्रा.वि. तहको करार योग्यता सूचीमा नाम भएको हुनुपर्नेछ ।

३. दरखास्त दिने अन्तिम मितिः शिक्षक सेवा आयोगले निकालेको कैलाली जिल्लाको करार योग्यता क्रम सूचीमा रहेकालाई २०८३।०६।२० गते सम्म करार सुची नआएमा अन्य योग्य उम्मेद्धवारलाई मिति २०८३।०६।२७ गते विद्यालय समय भित्र ।

४. परीक्षा को किसिमः लिखित मौखिक तथा आवश्यक परेमा प्रयोगात्मक परीक्षा समेत ।

५. निवेदन दस्तुरः रू. २,०००।- फिर्ता नहुनेगरी

६. सेवा सुविधाः नेपाल सरकारको नियमानुसार ।

७. आवश्यक कागजातहरू (क) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि । (ख) नेपाली नागरिकताको प्रतिलिपि (ग) अध्यापन अनुमति पत्रको प्रतिलिपि (घ) शिक्षक सेवा आयोगको परीक्षाको प्रवेश पत्रको सक्कल प्रति (ङ) हस्तलिखित निवेदन ।

८. थप जानकारीको लागी मो.नं. ९८४८४९२११३, ९८४८४९९८७० मा सम्पर्क गर्न सकिने छ ।

सम्पर्क मितिः २०८३।०६।२८ गते बुधबार

शिक्षक छनौट समिति

श्री राष्ट्रिय माध्यमिक विद्यालय

टीकापुर-६, नारायणपुर, वेलुवा,कैलाली